कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

प्रबन्ध पत्र

१. कम्पनीको नामः यस कम्पनीको नाम "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" हुनेछ। जसलाई अंग्रेजीमा "FOOD MANAGEMENT AND TRADING COMPANY LTD (FMTCL)" भनिनेछ । कम्पनीले व्यावसायिक कारोबार "नेपाल खाद्य (Nepal Food)" भन्ने नामबाट गर्नेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा रहनेछ । आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय सार्न सकिनेछ।

३. कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः यस कम्पनीको कारोबारको प्रकृति उत्पादन, व्यापार र सेवामूलक हुनेछ।

४. कम्पनीको मुख्य उद्देश्यः देशमा उत्पादित खाद्य वस्तु वा उपयुक्त सेवा खरिद गरी देशभर खाद्यान्न एवं सेवाको उपलब्धता सुनिश्चित गराउनुका साथै उचित मूल्यमा सहज रुपमा आम नागरिकलाई खाद्यान्न लगायतका वस्तु तथा सेवा आपूर्ति तथा बिक्री वितरण गरी मूल्य स्थिरता र आपूर्ति व्यवस्थामा सहयोग पुऱ्याउँदै मुनाफा आर्जन गर्ने कम्पनीको मुख्य उद्देश्य हुनेछ। यसका आधारमा कम्पनीको देहायका उद्देश्यहरु रहने छन्:-

(क) नेपालको संविधान तथा नेपाल सरकारद्वारा जारी भएको राष्ट्रिय आपूर्ति नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउने,

(ख) नेपाल सरकारको निर्देशन अनुसार खाद्य संकट वा खाद्य जोखिममा रहेका क्षेत्रका जनतामा अत्यावश्यक खाद्य वस्तु ढुवानी तथा परिचालन गरी आपूर्ति व्यवस्था मिलाई जनताको खाद्य सुरक्षा सुनिश्चिततामा योगदान गर्ने,

(ग) नेपाल राज्य भित्र उत्पादन हुने खाद्य वस्तु खरिद गर्ने, संकलन गर्ने, ओसार पसार गर्ने, आवश्यक स्थानमा गोदाम निर्माण गर्ने, संचय गर्ने र बिक्री वितरण गर्ने,

(घ) खाद्य वस्तुको उत्पादनलाई उचित मूल्यमा खरिद गरी बजार पहुँचको सुविधा दिलाई उपभोक्ताको हित संरक्षण हुने गरी उचित मूल्यमा गुणस्तरीय वस्तु आपूर्तिको सुनिश्चिततामा योगदान गर्ने,

(ङ) देशमा अत्यावश्यक वस्तुको माग र आपूर्तिको सन्तुलन हुने गरी खरिद, संचिति र बिक्री वितरण जस्ता क्रियाकलापमार्फत अस्वभाविक मूल्य वृद्धि हुन नदिन सहयोग पुऱ्याउने,

(च) नेपाल सरकारको नीति अनुरुप खाद्यान्नको आन्तरिक आवश्यकताको परिपूर्तिको लागि तोकिए बमोजिमको परिमाणमा राष्ट्रिय र अन्तराष्ट्रिय खाद्य सुरक्षा भण्डारणको व्यवस्था गर्ने,

(छ) खाद्य वस्तु प्रशोधन तथा प्याकेजिङ गरी बिक्री वितरण गर्ने,

(ज) विदेश वा अन्तराष्ट्रिय संघ, संस्थाबाट नेपाल सरकारलाई समय समयमा प्राप्त हुने खाद्य वस्तु लगायतका अन्य वस्तुहरु समेत सरकारको आदेश निर्देशन अनुसार बुझिलिने, ढुवानी गर्ने,संचय गर्ने र बिक्री वितरणको व्यवस्था मिलाउने,

(झ) स्वीकृति लिनु पर्ने विषयमा सम्बन्धित निकायको स्वीकृति लिई खाद्यवस्तु तथा अन्य वस्तुहरुको आयात निर्यात गर्ने,

(ञ) व्यापार तथा व्यवसायजन्य क्रियाकलाप विस्तार र विविधिकरण गर्दै दिगो आय आर्जन गर्ने,

(ट) व्यावसायिक विस्तार एवं व्यापार विविधिकरणका लागि पूर्ण वा आंशिक स्वामित्व रहने गरी सहायक कम्पनीको स्थापना, संचालन एवं व्यवस्थापन गर्ने,

(ठ) कम्पनीलाई आत्मनिर्भर बनाउने लक्ष्य अनुरुप कम्पनीको स्वामित्वमा रहेका श्रोत साधनहरुको अधिकतम परिचालन गर्न प्रचलित कानून बमोजिम चल अचल सम्पत्ति परिचालन गर्ने, लिज, करार वा भाडामा दिने आदि कार्य गर्ने,

(ड) नेपालको अन्तराष्ट्रिय व्यापारमा वस्तुगत तथा देशगत विविधीकरणको कार्य गर्न सहयोग गर्ने,

(ढ) मुलुकभित्रका उद्योग, आयोजना र निर्माणका लागि चाहिने सामाग्रीहरुको उचित मूल्यमा खरिद बिक्री वितरण गर्ने,

(ण) नेपाल सरकार र बिदेशी सरकारको बीच सम्पन्न हुने व्यापार तथा आर्थिक सम्झौता अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,

(त) व्यापार अभिवृद्धिको लागि आवश्यक अध्ययन र अनुसन्धान गर्ने,

(थ) कम्पनीले उपयुक्त देखेका सेवा व्यापार गर्ने ।

(द) नेपाल सरकारको निर्देशानुसार अन्य कार्य गर्ने ।

५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु: यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्न सक्नेछ :

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त तथा व्यवस्थापन गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने, मौजुदा कर्मचारीको व्यवस्थापन एवं बढी भएका कर्मचारीहरुलाई उपयुक्त बिधिबाट अवकाश दिने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) देशको भौगोलिक, क्षेत्रगत (प्रदेश वा जिल्ला वा स्थानीय) तहमा अत्यावश्यक वस्तु तथा सेवाको माग तथा आपूर्ति स्थितिको नियमित सूचना संकलन, विश्लेषण र वास्तविक अवस्थाको पहिचान गरी प्रकाशन गर्ने, गराउने,

(च) देशमा आकस्मिक अवस्था वा विशेष परिस्थितिको कारण उत्पन्न हुन सक्ने खाद्य संकटको सम्बोधन गर्न खाद्यान्न लगायतका अत्यावश्यक वस्तुको आधारभूत ठाउँहरुमा सुरक्षित भण्डारणको व्यवस्था गरी पर्याप्त संचिति (Buffer Stock) राख्ने,

(छ) आपूर्ति वा बिक्री वितरणका लागि अत्यावश्यक खाद्यान्न तथा कृषिजन्य वस्तुहरु नेपाल सरकारले तोकेको समर्थन मूल्यमा खरिद गर्ने तथा भण्डारणको समेत व्यवस्था गर्ने,

(ज) मुलुकका खाद्य संकटग्रस्त वा खाद्यान्न जोखिम वा अभाव हुने दूर्गम क्षेत्रमा नेपाल सरकारबाट खाद्यान्न ढुवानी अनुदान प्राप्त गरी नियमित रुपमा तोकिएका खाद्यान्न ढुवानी गरी बिक्री वितरण गर्ने गराउने,

(झ) एक क्षेत्रको बढी उत्पादनलाई उत्पादन नहुने वा कम उत्पादन हुने अर्को क्षेत्रमा बिक्री वितरण गर्दै किसान र उपभोक्ता दुवै पक्षको हितमा कार्य गर्ने,

(ञ) देशका विभिन्न ठाउँमा खाद्य स्टोरको पसल संचालन गर्ने, गराउने,

(ट) विक्री सम्भाव्य वा निकासी सम्भाव्य वस्तुहरुको पहिचान गरी संकलन गर्ने,

(ठ) विद्युतीय माध्यमको प्रयोग गरी व्यापार व्यवसाय गर्ने,

(ड) आधुनिक मेशिन तथा प्रविधिको प्रयोग मार्फत प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डिङमा जोड दिंदै व्यापार विविधिकरण र विस्तार गर्दै आफ्ना उत्पादनहरु अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याई विक्री वितरण गर्ने,

(ढ) कम्पनीको स्वामित्वमा रहेका घरजग्गा अचल सम्पत्तिको अध्यावधिक विवरण तयार गरी जीर्ण अवस्थाका गोदामहरुको मर्मत सम्भार र पुनःनिर्माण गरी सुदृढ गर्ने, आवश्यक ठाउँहरुमा थप कार्यालय, आधुनिक गोदाम, विक्रीकेन्द्र वा डिपो, गुणस्तर परीक्षण प्रयोगशाला, संकलन केन्द्र, निकासीगृह, आधुनिक मिल वा कारखाना वा प्रशोधन केन्द्र, बहुउद्देश्यीय व्यापारिक भवन वा कम्पेलेक्स वा डिपार्टमेन्टल स्टोर, पसल आदि निर्माण गरी संचालन गर्ने, गराउने,

(ण) नेपाल सरकारलाई राष्ट्रिय आपूर्ति नीति तथा योजना तर्जुमा, कार्यान्वयन तथा अत्यावश्यक वस्तुको मूल्यसूची निर्धारणमा सुझाव र सहयोग गर्ने,

(त) खाद्य वस्तुको गुणस्तर प्रयोगशाला सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाबाट मान्यता प्राप्त गरी सञ्चालन गराउने,

(थ) नेपाल सरकारको अनुमतिमा कुटनीतिक कोटा अन्तर्गत आवश्यक वस्तुहरु ड्युटी फ्रिमा उपलब्ध गराउने,

(द) उपभोग्य वस्तुहरू डिलर वा वितरक मार्फत विक्री वितरण गर्ने ।

(ध) अन्तर्राष्ट्रिय उत्पादकबाट उत्पादित वस्तुको एजेन्सी प्राप्त गरी कारोबार गर्ने, गराउने,

(न) विभिन्न उत्पादनमा लगानी गरी त्यस्ता उत्पादित वस्तु खरिद गरी बिक्री वितरण गर्ने,

(प) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि कम्पनीको उद्देश्य अनुरुपका कामकारवाही गर्ने,

(फ) विद्युतीय भुक्तानी सेवा वा त्यस्तै प्रकारका सेवा व्यवसाय संचालन गर्ने,

(ब) समय समयमा सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य गर्ने,

(भ) अन्य आवश्यक कार्यहरु:-

१. कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने,

२. कम्पनीको नाममा नेपाल राज्यको कुनै पनि वित्तीय संस्था तथा बैंङ्कहरूमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, बिल अफ एक्सचेन्ज, प्रोमीशरीनोट आदि जारी गर्ने, दरपीठ गर्ने भूक्तानी लिने, दिने, एल.सि. खोल्ने, मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कार्यहरु गर्ने,

३. कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सेवा सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरुसँग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने,

४. कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने,

५. कम्पनीलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक, कानुनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने,

६. कम्पनीको आफ्नो उद्देश्य प्राप्त गर्न विभिन्न सञ्चारका माध्यमहरुबाट विज्ञापन सूचना आदि प्रचार-प्रसार गर्ने, गराउने,

७. प्रचलित कानूनको अधिनमा रही स्वीकृति लिनुपर्ने विषयमा स्वीकृति लिई कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने,

८. सञ्चालक समिति र साधारण सभाले कम्पनी ऐन एवं प्रचलित कानुनको अधिनमा रही समय समयमा निर्णय गरेबमोजिमका विषय एवं अन्य कुरा कार्यान्वियन गर्ने ।

६. **कम्पनीको पूँजीको संरचनाः** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु.७,००,००,००,०००।- को (अक्षरेपी सात अर्ब रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर एक सय रुपैयाँ दरका ७,००,००,०००।- (अक्षरेपी सात करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी पूँजी रु. ५,००,००,००,०००/- को (पाँच अर्ब) हुनेछ । सो पूँजी लाई प्रति शेयर एक सय रुपैयाँ दरका ५,००,००,०००/- (अक्षरेपी पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । यस सम्बन्धमा पूँजी वृद्धि गर्दा कर्मचारीहरुलाई पनि प्रचलित कम्पनी ऐन तथा धितोपत्र ऐन अनुसार शेयर जारी गर्न सकिनेछ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१,१५,९८,३०,०००। (एक अर्ब पन्ध्र करोड अन्ठानब्बे लाख तीस हजार) हुनेछ । यसको विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।

(घ) खण्ड (ङ) बमोजिमको शेयरको स्वामित्वको अनुपातमा वा शेयर पूँजीमा थपघट गर्नुपरेमा प्रचलित ऐन तथा नियमको अधिनमा रहि कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

(ङ) प्रचलित ऐन वा धितोपत्र बोर्ड तथा धितोपत्र विनिमय बजार लिमिटेडको निर्देशन बमोजिम पूँजी बढाउनु पर्ने भएमा प्रचलित कानूनको अधिनमा रही कम्पनीले पूँजी बढाउनेछ ।

७. **कम्पनीका शेयरको किसिमः** यस कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछः

(क) नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिंग लिमिटेडका सबै शयेरहरु नेपाल सरकार, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय संस्थापक शेयरधनीको रुपमा यसको साधारण शेयरधनी रहनेछन् । भविष्यमा पूँजीको आवश्यकता तथा सो को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा विशेष प्रस्ताव पारित गरी सम्बन्धित निकायको फिर्ता हुने (रिडिमेबल), फिर्ता नहुने (ईरिडिमेबल) तथा अन्य प्रकारका शेयरहरु कम्पनी ऐन, २०६३ बमोजिम कार्यालयको स्वीकृती लिएर जारी गर्न सकिनेछ ।

(ख) अग्राधिकार शेयर लगायत अन्य कुनै पनि शेयर जारी गर्नुपर्ने भए सोको संख्या, प्रति शेयरको मूल्य, त्यस्ता शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था तथा यस्ता शेयरसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून एवं धितोपत्र ऐन तथा निर्देशनको अधिनमा रही कम्पनीले निर्धारण गर्नेछ।

८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देजः

(क) सार्वजनिक निष्काशन भएको धितोपत्र ग्रहण गर्ने शेयरधनी बाहेक अन्य शेयरधनीहरुले कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म, कम्पनीले कारोवार गर्ने अनुमति पाएको एक बर्ष सम्म र शेयरको माग रकम चुक्ता नभएसम्म शेयर खरिद तथा बिक्री गर्न पाइने छैन।

(ख) सर्वसाधारणले शेयर खरिद गर्न आवेदन गर्दा न्युनतम दश कित्ता वा दश अंकले भाग गर्दा शेष नरहने गरी आवेदन गर्न सकिनेछ। तर हकप्रद शेयर र बोनस शेयर लागू गरिएमा यो बन्देज लागू हुने छैन।

(ग) कसैले खण्ड (क) को विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्न सक्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको प्रक्रियाबाट बिक्री वितरण गर्न सक्नेछ।

(घ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

९. शेयर वापतको रकमको भुक्तानीः

(क) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(ख) शेयर वापत कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(ग) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने आदि कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. दायित्व सीमित हुनेः यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ। कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन्।

११. अन्य आवश्यक कुराहरुः

(क) कम्पनीको संस्थापन गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ।

(ख) शेयर वापतको शेयरको रकम भुक्तानी गाभिनु भन्दा पहिले कायम भएको शेयर पूँजी बराबर नै हुनेछ।

(ग) कम्पनीले काम शुरु गर्दाको अवस्थामा नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिंग लिमिटेडको ऋण, धन, दायित्व र सम्पत्ति यस कम्पनीमा सर्नेछ ।

(घ) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(ङ) सम्बन्धित निकायको पूर्व स्वीकृति आवश्यक पर्नेमा त्यस्तो पूर्व स्वीकृति लिई कम्पनीले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(च) कम्पनीले धितोपत्र ऐन तथा नियमावलीले बन्देज लगाएका कार्य गर्न पाउने छैन ।

(छ) कम्पनी अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(ज) कम्पनीको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(ञ) कम्पनीले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ।

(ट) कम्पनीले प्रचलित कानूनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, धितो बन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ।

(ठ) कम्पनीको शेयरधनीहरूको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मूल्यमा सीमित हुनेछ ।

(ड) कम्पनीका सबै कामहरू धितोपत्र सम्बन्धि कानून तथा कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

(ढ) धितोपत्र ऐन तथा कम्पनी सम्बन्धी कानून सम्बन्धमा लागू हुने अन्य प्रचलित कानूनमा कुनै संशोधन भएमा यस प्रबन्धपत्र पनि सोही बमोजिम स्वतः संशोधन भएको मानिनेछ र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गरी मिलाउनु पर्नेछ।

१२. **कम्पनीको प्रकृति अनुरुप थप व्यवस्थाः** कम्पनीका सबै व्यवसायिक कारोबारहरु कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

१३. **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्थाः**

(क) यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

(ख) धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संसोधन भएको खण्डमा यो प्रबन्धपत्रमा पनि सोहि अनुरुप संसोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ।

१४. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** यस प्रबन्धपत्रमा लेखिएका कुराहरु कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः बदर हुनेछन्।

१५. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः**

नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिंग लिमिटेडलाई कम्पनी ऐन,२०६३ को दफा १७३ अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको रुपमा परिणत गरी नेपाल सरकार अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय संस्थापक शेयरधनी भई यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर,हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहि छाप गरेका छौं।